**विद्युत नियमन आयोग**

**प्रशासन सेवा, कानून समूह, तह ७ कानून अधिकृत**

**खुला/आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम**

**पाठ्यक्रम योजनालाई निम्नानुसारका दुई चरणमा विभाजन गरिएको छ :**

| | | |
|---|---|---|
| **प्रथम चरण** : | लिखित परीक्षा | पूर्णाङ्क :- २०० |
| **द्वितीय चरण** : | अन्तर्वार्ता | पूर्णाङ्क :- ३० |

**परीक्षा योजना (Examination Scheme)**

**१. प्रथम चरण : लिखित परीक्षा (Written Examination)** **पूर्णाङ्क :- २००**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | खण्ड | परीक्षा प्रणाली | प्रश्न संख्या | अंक भार | समय |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम | शासकीय व्यवस्था र सार्वजनिक व्यवस्थापन | १०० | ४० | (क) | छोटो उत्तर आउने प्रश्न | २ | ५ | ३ घण्टा |
| | | | | | लामो उत्तर आउने प्रश्न | ४ | १० | |
| | | | | (ख) | छोटो उत्तर आउने प्रश्न | २ | ५ | |
| | | | | | लामो उत्तर आउने प्रश्न | ४ | १० | |
| दोस्रो | सेवा सम्बन्धी | १०० | ४० | (क) | छोटो उत्तर आउने प्रश्न | २ | ५ | ३ घण्टा |
| | | | | | लामो उत्तर आउने प्रश्न | ६ | १० | |
| | | | | (ख) | छोटो उत्तर आउने प्रश्न | २ | ५ | |
| | | | | | लामो उत्तर आउने प्रश्न | २ | १० | |

**२. द्वितीय चरणः अन्तर्वार्ता** **पूर्णाङ्क :- ३०**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तर्वार्ता | ३० | मौखिक |

**द्रष्टव्यः**

१. प्रथम र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ ।
२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।
३. विषयगत प्रश्नहरूको हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरू (Short notes) सोध्न सकिनेछ।
४. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरू हुनेछन्। परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरूको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्ने छ।
५. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र-विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानुन, ऐन, नियम, विनियम तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।
६. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ ।
७. **पाठ्यक्रम स्वीकृत मिति : २०८२/०१/०८**

**विद्युत नियमन आयोग**

**प्रशासन सेवा, कानून समूह, तह ७ कानून अधिकृत**

**खुला/आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम**

## प्रथम पत्र

## शासकीय व्यवस्था र सार्वजनिक व्यवस्थापन

## खण्ड (क) : ५० अङ्क

### १. शासकीय व्यवस्था

१.१. शासनको अर्थ, अवधारणा, आयाम तथा विशेषता

१.२. नेपालको संविधान तथा संवैधानिक व्यवस्था

१.३. राज्यशक्तिको बाँडफाँट, शक्ति पृथकीकरण र सन्तुलन

१.४. नेपालको संघीय, प्रादेशिक तथा स्थानीय शासन व्यवस्था

१.५. सुशासन र यसका तत्त्वहरू

१.६. सूचनाको हक र पारदर्शिता

### २. सार्वजनिक प्रशासन र व्यवस्थापन

२.१. सार्वजनिक प्रशासनको अवधारणा एवम् कार्यक्षेत्र

२.२. सार्वजनिक व्यवस्थापनको अवधारणा, सिद्धान्त एवम् नवीनतम प्रवृत्ति

२.३. नयाँ सार्वजनिक व्यवस्थापन, नयाँ सार्वजनिक सेवा तथा नयाँ सार्वजनिक शासन

२.४. मानव पूँजी व्यवस्थापन (Human Capital Management)

२.५. व्यवस्थापनका विविध पक्षहरू: नेतृत्व, उत्प्रेरणा, मनोबल, निर्णय प्रक्रिया, सङ्गठनात्मक व्यवहार (Organizational Behavior), कार्य संस्कृति (Working Culture)

२.६. समय व्यवस्थापन (Time Management), स्रोत व्यवस्थापन (Resource Management), परिवर्तन व्यवस्थापन (Management of Change), प्रविधि व्यवस्थापन (Technology Management), विवाद व्यवस्थापन (Conflict Management), तनाव व्यवस्थापन (Stress Management), सङ्कट व्यवस्थापन, (Crisis Management), सहभागितामूलक व्यवस्थापन (Participative Management), प्रकोप व्यवस्थापन (Disaster Management)

२.७. वार्ता तथा सम्झौता गर्ने सिप (Negotiation and Agreement Skill)

## खण्ड (ख) : ५० अङ्क

### ३. सार्वजनिक सेवा प्रवाह

३.१. सार्वजनिक सेवाको अवधारणा, कार्य, विशेषता र भूमिका

३.२. सार्वजनिक सेवा प्रवाह

३.३. सार्वजनिक सेवा प्रवाहमा सरकार, निजी क्षेत्र, समुदाय र नागरिकको भूमिका

३.४. सार्वजनिक नीति : निर्माण प्रक्रिया र विश्लेषण

३.५. विद्युतीय शासन

३.६. विद्युतीय सेवा र कार्यालय स्वचालन (Office Automation)

३.७. सार्वजनिक सेवा बडापत्र

**४. अर्थ व्यवस्था र सार्वजनिक वित्त व्यवस्थापन**

४.१. नेपालको अर्थतन्त्रसँग सम्वद्ध योजना, स्रोत/साधनको परिचालन, आर्थिक वृद्धि, आर्थिक विकास र रोजगारी
४.२. सार्वजनिक वित्त व्यवस्थापन (सार्वजनिक आय, सार्वजनिक खर्च र सार्वजनिक ऋण)
४.३. सार्वजनिक कोषको सदुपयोग र सदाचार
४.४. बजेटको सैद्धान्तिक पक्ष तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
४.५. लैङ्गिक मैत्री, सामाजिक समावेशीकरण मैत्री, जलवायु परिवर्तन मैत्री, दिगो विकास मैत्री बजेटको अवधारणा र कार्यान्वयन
४.६. आर्थिक नीति, वित्त नीति र मौद्रिक नीति
४.७. नेपालको आर्थिक विकासमा वैदेशिक सहायता र विकास सहयोग नीति
४.८. सार्वजनिक खरिद व्यवस्थापन तथा सोसम्बन्धी कानुनी व्यवस्था

**५. विकासका आयाम र पक्षहरू**

५.१. विकास: अवधारणा र नवीनतम दृष्टिकोण
५.२. विकास प्रशासनको अवधारणा
५.३. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रक्रिया
५.४. आयोजना तर्जुमा र व्यवस्थापन
५.५. नेपालमा लगानीमैत्री वातावरण र नेपालको वैदेशिक लगानी नीति
५.६. दिगो विकासका लक्ष्यः वर्तमान अवस्था र नेपालको प्रयास

**विद्युत नियमन आयोग**

**प्रशासन सेवा, कानून समूह, तह ७ कानून अधिकृत**

**खुला/आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम**

## द्वितीय पत्र

## सेवा सम्बन्धी

## खण्ड (क): ७० अङ्क

### १. विधिशास्त्र र न्यायका सामान्य सिद्धान्त

१.१ विधि शास्त्र : सामान्य परिचय र प्रकार

१.२ कानुनको शासन र सिद्धान्त

१.३ प्राकृतिक न्यायको सिद्धान्त र यसको महत्व

१.४ कानुन व्याख्याको सिद्धान्त

१.५ नजीरको सिद्धान्त

### २. संवैधानिक कानुन, नेपालको संविधान र सङ्घीयता

२.१ संविधानवाद र संवैधानिक सर्वोच्चता

२.२ नेपालको संवैधानिक विकासक्रम

२.३ नेपालको संविधान र यसका आधारभूत विशेषताहरू

२.४ सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार र अन्तरसम्बन्ध

### ३. न्यायसम्पादनः आधारभूत सिद्धान्त

३.१ कानुनको व्याख्यासम्बन्धी सिद्धान्त

३.२ प्रशासकीय कानुनको सिद्धान्त

३.३ प्राकृतिक न्यायसम्बन्धी व्यवस्था

३.४ प्रमाण कानुनको सिद्धान्त

३.५ सर्वोच्च अदालतको साधारण तथा असाधारण अधिकार क्षेत्र

३.६ देवानी तथा फौजदारी न्याय प्रशासन

३.७ हकदैया, हदम्याद, म्याद, तारेख सम्बन्धी कानुनी व्यवस्था

३.८ सार्वजनिक सरोकारको विवाद

३.९ विवाद समाधानका वैकल्पिक उयायहरू

### ४. कानुनी लिखत तर्जुमाः सैद्धान्तिक तथा व्यावहारिक पक्ष

४.१ विधेयक तर्जुमाः सैद्धान्तिक तथा व्यावहारिक पक्ष

४.२ प्रत्यायोजित विधायन (नियम, विनियम,गठन आदेश आदि) तर्जुमा र स्वीकृति

४.३ रिट निवेदन र लिखित जवाफ

४.४ लिखतको दर्ता र दरपीठ

४.५ कानुनी राय र परामर्श

### ५. सम्बद्ध ऐन, नियमहरू

५.१ प्रमाण ऐन, २०३१

५.२ न्याय प्रशासन ऐन, २०३१

५.३ मध्यस्थता ऐन, २०५५
५.४ भ्रष्टाचार निवारण ऐन, २०५९
५.५ सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५
५.६ वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७
५.७ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५

## खण्ड (ख) : ३० अङ्क

## विद्युत नियमन सम्बन्धी

### ६. विद्युत र ऊर्जा क्षेत्रः सामान्य अवधारणा

६.१ नेपालको विद्युत क्षेत्रको विकास
६.२ ऊर्जा न्याय (Energy Justice) को अवधारणा र प्रयोग
६.३ ऊर्जाको विकास र वातावरणीय न्याय बीचको सम्बन्ध
६.४ प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन
६.५ विद्युत क्षेत्रमा निजी क्षेत्रको भूमिका, दायित्व तथा सम्भावना
६.६ इनर्जी बैंकिङ्ः अवधारणा, प्रयोग र कार्यान्वयनका चुनौती
६.७ प्रसारण शुल्क (wheeling charge) र खुला पहुँच (open access) को अवधारणा र प्रयोग
६.८ विद्युत व्यापारः कानुनी आधार, सिद्धान्त र नियमनका चुनौती
६.९ दुई पक्षीय तथा सीमापार (अन्तर्देशीय) विद्युत व्यापारः सम्भावना र चुनौती

### ७. विद्युत नियमनको अवधारणा र अवस्था

७.१ विद्युत क्षेत्रमा नियमनको अवधारणा, विकास, आवश्यकता र चुनौती
७.२ विद्युत क्षेत्र (उत्पादन, प्रसारण, वितरण व्यापार) नियमनका आधारभूत सिद्धान्त र प्रयोग
७.३ विद्युत नियमनमा विद्युत नियमन आयोगको काम, कर्तव्य तथा अधिकार
७.४ विद्युत खरिदबिक्री (विद्युत खरिद सम्झौता तथा विद्युत खरिद बिक्री दर)
७.५ विद्युत सम्बन्धी विवादमा आयोगको भूमिका तथा विवाद समाधानको प्रक्रिया
७.६ उपभोक्ता हित संरक्षणमा विद्युत नियमन आयोगको भूमिका
७.७ विद्युत महसुल निर्धारणः सिद्धान्त, निर्धारण विधि र चुनौती

### ८. विद्युत क्षेत्रसँग सम्बन्धित कानुनी व्यवस्था

८.१ विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५०
८.२ विद्युत नियमन आयोग ऐन, २०७४ तथा विद्युत नियमन आयोग नियमावली, २०७५
८.३ नेपाल विद्युत प्राधिकरण ऐन, २०४१
८.४ उपभोक्ता संरक्षण ऐन, २०७५
८.५ विद्युत क्षेत्रको नियमनका लागि विद्युत नियमन आयोगले जारी गरेका विभिन्न विनियमावली तथा निर्देशिकाहरू